# तिनाउ गाउँपालिका
# Tinau Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था.: २०७३ / Estd. 2017 A.D.

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Letter No :-
चलानी नं. / Ref. No.:-

मिति : २०७८।११।०२

श्री, वडा कार्यालय (सबै)

तिनाउ गाउँपालिका, पाल्पा

विषय : न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारे सूचना ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.स. २०७८।८०, चलानी नं. ३३५ को पत्रानुसार, रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ रोजगारीका हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम **आर्थिक बर्ष २०८०।०८१** मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको रूपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट बञ्चित व्यक्ति, महिला, आदिवासी, जनजाती, मधेशी, दलित तथा सिमान्तकृत समुदाय लगायतलाई न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नेपाली नागरिकहरूले २०७८ फागुन २ गतेदेखि फागुन ३० गते सम्म आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागी विवरणहरू (परिवारका सदस्यहरूको समेत सबै विवरणहरू) नछुटाई भर्नुहुन अनुरोध छ । अन्यथा अपूर्ण भरिएको फारामहरू स्वत रद्द हुनेछन । साथै तपशिल बमोजिमका विवरणहरू अनिवार्य रूपमा उपलब्ध गराई फाराम भर्नका लागी सहजीकरण गरिदिनुहुन जानकारी गराइन्छ ।

**तपशिल**

१. नेपाली नागरिकताको फोटोकपि - १

२. पासपोर्ट साइजको फोटो - १

३. परिवारका सदस्यहरूको जन्ममिति, नागरिकता नं., जारी मिति, नागरिकता नभएकाको जन्म मिति फाराममा उल्लेख गर्नुपर्नेछ ।

४. तिनाउ गाउँपालिकामा बसोबास गरेको नदेखिएमा बसाईसराई तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि

*नोट : आवेदन फाराम वडा कार्यालयबाट निःशुल्क रूपमा प्राप्त गर्न सकिने छ साथै वेवसाइड www.pmep.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।*

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

E-mail: tinaururalmunicipality@gmail.com
Phone No.: 075-413064 / 65

CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info@pmep.gov.np
Website: pmep.gov.np

प.सं. २०७९/८०
च.नं./PMEP ३३५
श्री रोजगार सेवा केन्द्र, (सबै)

मिति:२०७९/१०/२३

विषय: स्थानीय तहमा बेरोजगार व्यक्तिको सूची दर्ता सम्बन्धी सञ्चार एवम् निवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७९/०८० को कार्ययोजना तय गरेको व्यहोरा विदित्तै छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम तहाँ स्थानीय तहमा "न्यूनतम रोजगार, नागरिकको अधिकार" सम्बन्धी सञ्चार अभियान सञ्चालनका लागि देहायका कार्य गर्न निर्णयानुसार निर्देशन दिइएको छ:-

अभियान सञ्चालनका लागि गरिनु पर्ने कार्यहरु

१. मा. मन्त्रीस्तरीय मिति २०७८/११/११ को निर्णयबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ मा रहेको बेरोजगार दर्ताका लागि दिने निवेदन फाराम सबै वडा कार्यालयमा माघ महिनाको अन्त्य सम्म पुगेको सुनिश्चित गर्ने ।
२. फागुन महिना भरी बेरोजगार व्यक्तिको सूचीमा सहभागी हुन टोल/वस्तिस्तरमा सामुहिक भेला गरी उत्प्रेरणात्मक कार्य गर्ने।
३. आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम् आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलब्ध गराउने । यस कार्यमा आवश्यकता अनुसार जनप्रतिनिधि, नागरिक समाजको सहयोग लिने ।
४. फागुन महिनामा सबै वडा कार्यालयमा पुगेर वडा समितिलाई प्राप्त निवेदनको छानबिन तथा सो को प्रक्रियाका सम्बन्धमा अभिमूखिकरण गर्ने ।
५. वडा कार्यालयबाट निवेदन संकलन गरी उक्त निवेदन पुर्ण रहेको सुनिश्चित गर्ने र हाल रोजगारीमा संलग्न भइरहेका बेरोजगार व्यक्तिले प्राप्त गरेको रोजगारी दिन निवेदनमा उल्लेख गराउने या संशोधन गर्ने ।
६. फागुन महिनामा निर्देशक समितिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा वास्तविक बेरोजगार व्यक्तिको छनौट र विपन्न लक्षित पूर्वाधार छनौटको सम्बन्धमा छलफल गर्ने ।
७. फागुन र चैत्र महिनामा स्थानीय योजना तर्जुमा प्रक्रियामा विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुर्याउने योजना छनौट गरी आयोजना बैङ्कको निर्माण गर्ने सम्बन्धमा अभिमूखिकरण गर्ने र उक्त आयोजनाको छनौटमा आवश्यक सहजिकरण गर्ने ।
८. बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ ले तोके बमोजिमको प्रक्रिया समेत पुरा गरी चैत्र महिना भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गरिसक्ने ।
९. बेरोजगार व्यक्ति तथा प्राथमिकताक्रमको सूची सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रको सूचना पाटीमा सार्वजनिक गर्ने ।

थप जानकारीको लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सम्पर्क राख्न सकिनेछ।

(उमा ... ...)